(ख) यस नगर कार्यपालिकामा कामकाज गरी आउनु भएका इन्जिनियर श्री कैलाश तिम्सीना २ वर्षे असाधरण विदा स्वीकृत गराई विदा वस्नुभएको साथै सव इन्जिनियर श्री रविन आचार्य लोकसेवा आयोगमा उर्तिणक भई राजिनामा गरेको हुदा काम छोड्नु भएको हुदा प्राविधिक कर्मचारी अपुग हुन गएकोले हाल उक्त पदमा यस कार्यालय बाट मिति २०७४।८।२६गते ब्लाष्ट टाईम्स दैनिकमा प्रकाशित विज्ञापन अनुसार इन्जिनियर र सव इन्जिनियर पदमा भएको लिखित परिक्षामा वैकल्पिक उमेदवारमा रहनु हुने १।१ जना इन्जिनियर श्री महेश धिताल र सव इन्जिनियर श्री अर्पण पौठाक लिम्बुलाई नै आगामि मिति २०७५ असार मसान्त सम्मका लागि मासिक ज्यालादारीमा सेवा करारमा लिई कामकाज लगाउने निर्णय गरियो ।

(ग) विगत वर्ष देखी दैनिक ज्यालादारीका रुपमा कामकाज गरी आउनु भएका तपसिलमा उल्लेखित प्राविधिक तर्फका सव इन्जिनियरहरुलाई आगामी मिति २०७५ असार मसान्त सम्मका लागि मासिक ज्यालादारीमा सेवा करारमा लिई कामकाज लगाउने निर्णय गरियो ।

(१) श्री रविन्स भट्टराई

(२) श्री इन्दु घिमिरे

(३) श्री मौसम भट्टराई

(४) श्री देवेन्द्र शाह

**निर्णय नं.-८**

इटहरी उप-महानगरपालिकाबाट घर नक्सा पासका लागि देहाय अनुसार गर्ने निर्णय गरियो ।

(क) साविक इटहरी नगरपालिका हुँदा नक्सापासको लागि फायल दर्ता गरी राजश्व रकम र धरौटी रकम समेत बुझाईसकेको साथै इजाजत नलिई घर निर्माण गरेको र घर निर्माण सम्पन्नको प्रमाण पत्र माग गरेको अवस्थामा भवन निर्माण सम्बन्धी मापदण्ड र भवन संहिता पालना भएको यकिन गरी साबिक बमोजिम नक्सापास दस्तुरको ५० प्रतिशत जरिवाना गरी धरौटीको रकम समेत स्याहा सदर गरी निर्माण सम्पन्न दिने निर्णय गरियो ।

(ख) साविक गा.वि.स.हरु स्तरउन्नती भई र इटहरी उप-महानगरपालिकामा समायोजन भए पश्चात मिति २०७३ अषाढ मसान्त पछि नक्सा पासको लागि फायल पेश भई दर्ता भएका तर नक्सा पास इजाजत लिनु अगाडी नै घर निर्माण गरी, निर्माण सम्पन्नको प्रमाणपत्र माग भएको अवस्था बमोजिम नै नक्सा पास दस्तुरको ५० प्रतिशत जरिवाना र धरौटी रकम समेत सदर स्याहा गरी निर्माण सम्पन्नको प्रमाण पत्र दिने निर्णय गरियो ।

(ग) ५० मि. छोटो बाटो टुङ्गिएको वा अर्को कुनै बाटोसँग जोडिएको हकमा समेत बाटोको सडक अधिकार क्षेत्र (ROW) २० फिट हुने र सो बाटोमा न्युनतम सेटव्याक छाड्नु नपर्ने निर्णय गरियो ।

(घ) घर नक्साको मापदण्ड र सडक अधिकार क्षेत्रको (ROW) निर्धारण गर्ने बिषयमा इ.अ.स. पूर्वाञ्चल क्याम्पस धरानको अन्तिम (चौथों) वर्षका विद्यार्थी प्रविण काफ्ले समेतको समुहलाई सो घर नक्सा सम्बन्धी मापदण्ड र सडक अधिकार क्षेत्र (ROW) निर्धारण गरी प्रस्ताव पेश गर्न र सो कार्यमा खटिने विद्यार्थीहरुलाई प्रति दिन रु. १००।- एक सयका दरले खाजा खर्च उपलब्ध गराउने निर्णय गरियो ।

(ङ) मिति २०७४।८।१३ गते पुरानो घर नक्सामा अन्तिम पटकका लागि साविकको मापदण्ड पालना गरेको यकिन भएका हकमा पास गर्ने सन्दर्भमाा प्रकाति ३५ दिने सूचना अनुसार ३ थान घर नक्सा पासको फायल श्री हिरा देवी धिताल १ थान, बिष्णु अधिकारी २ थान, श्याम कुमार राई, भरत पोखेल र शेखरनाथ बरालले सोही म्याद भित्र राजश्व र धरौटी रकम समेत बुझाई पेश गरेको दर्ता हुन छुट भएकोले उक्त फायल दर्ता गरी नियमानुसार आवश्यक कार्य प्रकिया अगाडी बढाउने निर्णय गरियो ।

इटहरी उप-महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इटहरी, सुनसरी
प्रदेश नं.-१, सुनसरी, नेपाल
स्था. २०७३

नि० प्रमुख प्रशासकीय अधिकृत